# आ.ब. २०८१/८२ को

# बार्षिक प्रगति प्रतिवेदन




नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क  कार्यालय

**तथ्याङ्क  समन्वय कार्यालय, सुर्खेत**

# आ.ब. २०८१/८२ को
# बार्षिक प्रगति प्रतिवेदन

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क  कार्यालय**

**तथ्याङ्क  समन्वय कार्यालय, सुर्खेत**

प्रकाशक :
तथ्याङ्क समन्वय कार्यालय,सुर्खेत
फोन. नं ०८३५२०२०४
इमेल : scosurkhet@nsonepal.gov.np
वेबसाइट: https://scosurkhet.nsonepal.gov.np/

# हाम्रो भनाई

आर्थिक वर्ष २०८१।८२ मा तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतबाट सम्पादन भएका कार्यक्रम तथा कृयाकलापहरूको प्रगति समेटेर यो विवरण पुस्तिका प्रकाशन गर्न पाउँदा खुशि लागेको छ ।

तथ्याङ्क विकासका लागि र विकास जनताका लागि हो ।तथ्याङ्क सम्बन्धी कृयाकलापहरूबाट राष्ट्र र नागरिकको वर्तमान अवस्थाको बारेमा जानकारी प्राप्त भई सामाजिक एवं आर्थिक रूपान्तरणका क्षेत्रमा अपेक्षित सुधार गर्न नीतिगत तथा प्रकृयागत निर्णयका लागि आधार प्राप्त हुन्छ । विकासका नीति, योजना, कार्यान्वयन अनुगमन र मूल्याङ्कनका लागि सरोकारवालाहरू लाई आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन, प्रशोधन, प्रविष्टी एवं सामान्य विश्लेषणको कार्य तथ्याङ्क/समन्वय कार्यालयबाट हुने गर्दछ ।

आ.व. २०८१/८२ मा यस कार्यालयको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने सरोकारवालाहरू (तथ्याङ्क एवं सूचनाका उत्तरदाताहरू, स्थानीय तहहरू, प्रदेश सरकारका विभिन्न निकायहरू, संघीय कार्यालयहरू) एवं कार्यान्वयनमा सहयोग तथा उत्प्रेरणा प्रदान गर्ने राष्ट्रिय तथ्याङ्क कार्यालय र यसका विभिन्न महाशाखा, शाखाहरू प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।यस कार्यालयबाट सञ्चालन हुने बजेट तथा कार्यक्रमको समय मै कार्यान्वयन गर्न महत्वपूर्ण योगदान पुर्याउने कार्यालयका सबै कर्मचारी साथीहरू प्रति विशेष धन्यवाद् ब्यक्त गर्न चाहान्छु ।

अन्तमा आ.व. २०८१।८२ मा यस कार्यालयका कार्यक्रम/कृयाकलापहरू कार्यान्वयनमा महत्वपूर्ण योगदान गर्नुहुने एवं यो प्रगति विवरण पुस्तिका तयार पार्ने कार्यमा योगदान गर्नुहुने तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतका तथ्याङ्क अधिकृतहरू लगायत अन्य कर्मचारीहरूलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु । आगामी आ.व. को कार्यक्रम कार्यान्वयन गर्दा हासिल भएका अनुभव, उपलब्धी तथा पृष्ठपोषणलाई समेत दृष्टिगत गरी कार्यान्वयन गर्ने गराउने कुरामा कार्यालय प्रतिबद्ध छ ।

विनोद आचार्य
तथ्याङ्क समन्वय अधिकारी

# बिषय-सूचि

**खण्ड १ कार्यालयको परिचय**

१.१ कार्यालय सम्बन्धी ........ १

१.२ कर्मचारी सम्बन्धी विवरण ........ २

१.३ कार्यालयको नागरिक बडापत्र ........ ४

१.४ कार्यालयको कर्मचारी सांगठनिक चार्ट ........ ५

**खण्ड २ वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण**

२.१ कार्यालयका नियमित कार्यहरु ........ ६

२.२ विभिन्न सर्वेक्षणहरू ........ ९

२.३ गोष्ठी तथा समीक्षा ........ १०

२.४ कार्यक्रम/कृयाकलाप सञ्चालन कार्ययोजना ........ ११

२.५ सम्पन्न गरिएका कृयाकलापहरु ........ १३

**खण्ड ३ कार्यालयको आर्थिक प्रशासन विवरण**

३.१ गत आ.व.को बजेट, खर्च एवं भौतिक प्रगती ........ १६

३.२ विगत आ.व हरूमा विनियोजित वार्षिक बजेटको अवस्था ........ २३

३.३ विगत आ.व.हरूको बजेट खर्चको अवस्था ........ २३

३.४ विगतका आ.व.हरूको कार्यक्रम बजेट र खर्चको अवस्था ........ २४

३.५ विगतका आ.ब.हरूको बजेट र कार्यक्रम बजेटको अवस्था ........ २४

३.६ बेरूजुको अवस्था ........ २५

३.७ अनुगमन तथा सुपरिवेक्षण ........ २५

**खण्ड ४ कार्यालयको भौतिक अवस्था**

४.१ कार्यालयको भौतिक पूर्वाधार ........ २७

४.२ कार्यालयको जिन्सी विवरण ........ २७

**खण्ड ५ सूचना तथा प्रविधिको अवस्था**

५.१ सूचना तथा प्रविधिसम्बन्धी भौतिक अवस्था ........ २८

**खण्ड ६ कार्यालयका समस्या र समाधानका उपायहरु**

६.१ कार्यालयका मौजुदा समस्या ........ २९

६.२ समस्या समाधानका उपायहरु ........ २९

६.३ कार्यालयका अभ्यासहरू ........ ३०

## तालिकाहरूको सूचि


तालिका १.२.१ तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको दरबन्दी सम्बन्धी विवरण ........ २
तालिका १.२.२ तथ्याङ्क कार्यालय सुर्खेतका कार्यालय प्रमुखहरूको नामावली ........ २
तालिका १.२.३ तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतका तथ्याङ्क समन्वय अधिकारीको नामावली ........ ३
तालिका १.३.१ तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको नागरिक वडापत्र ........ ४
तालिका १.४.१ तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको कर्मचारी सङ्गठन चार्ट ........ ५
तालिका १.४.२ तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतमा कार्यरत कर्मचारीहरूको विवरण ........ ५
तालिका २.४.१ आ.व. २०८१।८२ को कार्ययोजना ........ ११
तालिका २.५.१ आ.व. २०८१।८२ मा सम्पादन गरिएका कृयाकलापहरू ........ १३
तालिका ३.१.१ आ.व. २०८१।८२ को वित्तीय तथा भौतिक प्रगति विवरण ........ १६
तालिका ३.५.१ आ.व. २०८१।८२ को कार्यक्रम बजेट र खर्चको अवस्था ........ २४
तालिका ३.८.१ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट भएको अनुगमन, निरीक्षण ........ २५


## चित्रहरूको सूचि


चित्र ३.१.१ खर्चशिर्षक अनुसार प्रगति प्रतिशत, आ.व. २०८१।८२ ........ २१
चित्र ३.१.२ आ.व. २०८१।८२ को वित्तीय र भौतिक प्रगति प्रतिशत ........ २२
चित्र ३.१.३ आ.व. २०८१।८२ मा प्रमुख कार्यक्रमको वित्तीय र भौतिक प्रगति ........ २२
चित्र ३.२.१ आर्थिक वर्ष अनुसार विनियोजित बजेट ........ २३
चित्र ३.२.२ आर्थिक वर्ष अनुसार खर्च भएको बजेट प्रतिशत ........ २३
चित्र ३.५.१ कार्यक्रम तर्फको बजेट खर्च प्रतिशत ........ २३
चित्र ३.६.१ कूल बजेट बजेट र कार्यक्रम बजेटको अवस्था ........ २३
चित्र ३.६.२ कूल बजेट बजेटमा कार्यक्रम बजेटको अंश ........ २५

# खण्ड १

# कार्यालयको परिचय

## १.१ कार्यालय सम्बन्धि

### १.१.१ कार्यालयको गठन र अवस्थिति

विगतमा तथ्याङ्क ऐन २०१५ मा ब्यवस्था भए बमोजिम केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोगको सचिवालय अन्तरगत वि.सं.२०१५ साल मङ्सिर १५ गते स्थापना भएको हो। साविकको केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क ऐन २०७९ बमोजिम वि.सं.२०७९ साल आश्विन २८ गते देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएको छ। ऐन अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रुपमा संघीय निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ। साविकको केन्द्रीय तथ्याङ्क विभाग र हालको राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सम्पादनमा सहयोग पु-याउने उद्देश्यले विगतमा क्षेत्रीय तथ्याङ्क कार्यालय, रहेकोमा वि.सं. २०५० साल श्रावण १ गते देखि सुर्खेत,दैलेख र कालिकोट जिल्ला कार्य क्षेत्र हुने गरी शाखा तथ्याङ्क कार्यालय सुर्खेतको स्थापना भएकोमा मिति २०७० साल चैत्र १ गते देखि कार्यालयको नाम परिवर्तन भई तथ्याङ्क कार्यालय, सुर्खेत भएको हो। मिति २०८१ श्रावण १ गतेदेखी सुर्खेत, दैलेख ,जाजरकोट ,रुकुम पश्चिम र सल्यान गरी पाँच जिल्ला कार्यक्षेत्र रहने गरी तथ्यांक समन्वय कार्यालय, सुर्खेत स्थापना भई कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं.७, इत्राम स्थित आफ्नै कार्यालय भवनमा रहेको छ।

### १.१.२ काम ,कर्तव्य र अधिकार

राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालय सुर्खेत लगायत मातहतका १८ जिल्लामा रहेका तथ्याङ्क समन्वय कार्यालयहरूको लागि निर्धारित गरिएका कार्यहरू देहाय बमोजिम रहेका छन्

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आफ्नो क्षेत्रमा सञ्चालन गरिने गणना एवं सर्वेक्षणमा संलग्न हुने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुर्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुर्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने,
- आवश्यकता अनुसार प्राथमिक तथा द्धितियक तथ्याङ्क संकलन तथा प्रसोधन गर्ने,
- प्रदेश र कार्यक्षेत्र अन्तर्गतका जिल्ला एवमं स्थानीय तहको वस्तुगत विवरण तयार पार्ने ,
- योजना, नीति निर्माण, अध्ययन अनुसन्धान एवम अनुगमन मुल्यांकनको लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्क विकासका लागि पैरवी र सुझाव उपलब्ध गराउने,
- वडा र गणना क्षेत्रको सीमाना, धरातल र घर परिवारको निर्दिष्ट स्थान छुट्टयाउने गरी नक्सांकन गर्ने ,
- प्रदेश, जिल्ला र स्थानीय तहहरूमा तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,
- तथ्याङ्कीय अभिलेखहरूको संरक्षण,
- तथ्याङ्कको गुणस्तरमा निरन्तरता र एकरूपता कायम गरी विभिन्न निकायसँग समन्वय गर्ने,

## १.२ कर्मचारी सम्बन्धी विवरण

### १.२.१ तथ्याङ्क समन्वय कार्यालयको दरवन्दी विवरण

हाल तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको स्वीकृत दरवन्दी संख्या १८ रहेको छ जसमध्ये १२ दरबन्दी पूर्ति भएको अवस्था छ। गणक पदको रिक्त चार दरबन्दी लोकसेवा आयोगमा माग भएको छ। कार्यालय सहयोगीको दुवै दरवन्दी रिक्त रही सो पदहरूमा करार सेवाबाट कामकाज गराइएको छ। हलुका सवारी चालकको दरवन्दी नभएता पनि करार सेवाबाट कामकाज गराइएको छ। हाल दरवन्दी र करारका गरी यस कार्यालयमा कार्यरत जम्मा जनशक्तिको संख्या १५ रहेको छ। पद, श्रेणी, सेवा, समूह एवं संख्या अनुसारको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १.२.१ तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको दरवन्दी सम्बन्धी विवरण

| सि.न. | पद | श्रेणी | सेवा | समुह | पद संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क स. अधिकारी | रा. प. द्धितीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| २ | तथ्याङ्क अधिकृत | रा. प. तृतीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | २ | २ | |
| ३ | सुपरिवेक्षक | रा. प. अनं.प्रथम | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ५ | ५ | |
| ४ | गणक | रा. प. अनं.द्धितीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ५ | १ | |
| ५ | खरीदार | रा. प. अनं.द्धितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ६ | सहलेखापाल | रा. प. अनं.द्धितीय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | ० | दुवै करार |
| ८ | हलुका स. चालक | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ० | ० | १ करार |
| जम्मा | | | | | १८ | १२ | |

करार सहित हाल जम्मा कार्यरत १५ जना

### १.२.२ तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरुको नामावली

वि.सं. २०५० भन्दा अघि यो कार्यालय क्षेत्रीय तथ्याङ्क कार्यालयको रूपमा अस्तित्वमा थियो। शाखा तथ्याङ्क कार्यालयको स्थापनी पछी वि.स. २०८१ असारसम्म यस कार्यालयमा ११ जना कार्यालय प्रमुखहरूले काम गर्नु भएको थियो। वि.सं. २०५० सालमा शाखा तथ्याङ्क कार्यालयको रूपमा स्थापना भए पश्चात वि.सं. २०८१ सम्म तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरूको नामावली र कार्यअवधि निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

तालिकाः १.२.२ तथ्याङ्क कार्यालय, सुर्खेतका कार्याल प्रमुखहरूको नामावली

| क्र.स. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | जगत वहादुर बस्नेत | नि.का.प्र. | २०५०।०६।०१ | २०५०।१०।१७ |
| २ | गोपाल गिरी | नि.का.प्र. | २०५१।१०।१८ | २०५३।०२।०९ |
| ३ | अनिल शर्मा | तथ्यांक अधिकृत | २०५३।०२।१० | २०५६।५।२३ |
| ४ | डा.हेमराज रेग्मी | तथ्यांक अधिकृत | २०५६।०५।२४ | २०६०।१२।३० |
| ५ | केशव ज्ञवाली | तथ्यांक अधिकृत | २०६१।२।१४ | २०६३।०६।०५ |
| ६ | विनोद आचार्य | तथ्यांक अधिकृत | २०६३।०६।०६ | २०६९।६।२० |

| क्र.स. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| ७ | मोतिराम रोकाया | नि.का.प्र. | २०६९।६।२१ | २०७०।०३।३ |
| ८ | अवधेश कुमार शुक्ला | तथ्यांक अधिकृत | २०७०।०३।०४ | २०७२।०५।२६ |
| ९ | लक्ष्मण कँडेल | तथ्यांक अधिकृत | २०७२।६।६ | २०७६।०३।१५ |
| १० | पोम नारायण पौडेल | तथ्यांक अधिकृत | २०७६।०४।२६ | २०७९।०६।१३ |
| ११ | दान बहादुर ऐडी | तथ्यांक अधिकृत | २०७९।६।१४ | २०८१/३/२६ |

**१.२.३ तथ्याङ्क  समन्वय कार्यालयका कार्यालय प्रमुखको नामावली:**

साविकको तथ्याङ्क कार्यालय नेपाल सरकारकोमिति..... को निर्णयानुसार आ.व. २०८१।८२को शुरूवात  देखी तथ्याङ् समन्वय कार्यालमा परिणत भएको थियो। तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतका  कार्यालय प्रमुखको नामावली निम्नानुसार तालिकामा उल्लेख गरिएको छ।

तालिकाः १.२.३  तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतका  कार्यालय प्रमुखको नामावली

| क्र.स. | नामथर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | विनोद आचार्य | तथ्याङ्क समन्वय अधिकारी | २०८१।३।२७ | हाल सम्म |

### १.३ नागरिक बडापत्र

तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण, प्रकाशन तथा सार्वजनिकीकरण गर्ने, तथ्याङ्को अभिलेख राख्ने, तथ्याङ्कीय साक्षरता तथा चेतना प्रवर्धन गर्ने एवं प्रदेश, जिल्ला र स्थानीय स्तरमा तथ्याङ्कीय कृयाकलापको समन्वय गर्नु तथ्याङ् समन्वय कार्यालयको प्रमुख कार्य जिम्मेवारी रहेको छ। यस कार्यालयले प्रत्यक्षय रूपमा जनताको दैनिक सेवासुविधा सम्बन्धी कार्य नगरी प्राविधिक प्रकृतिको स्टाफ एजेन्सीको रूपमा काम गर्ने गर्दछ। तयाङ्क समन्वय कार्यालय, सुर्खेतको नागरिक वडापत्र निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १.३.१ तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको नागरिक वडापत्र

| क्र.सं. | सञ्चालन गरिने कार्य/सेवा | कार्य/सेवा सञ्चालन गरिने प्रकृया | कार्य/सेवा प्राप्त/सञ्चालन गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार शाखा/फाँट |
|---|---|---|---|---|---|
| १. | विभिन्न गणना तथा सर्वेक्षणको तथ्याङ्क सङ्कलन | छनौटमा परेका क्षेत्रमा निर्देशनानुसार तथ्याङ्क सङ्कलन गर्ने। | आवश्यकता अनुसार | – | तथ्याङ्क शाखा, सम्बन्धित प्राविधिक फाँट |
| २. | वस्तुगत विवरण तथा तथ्याङ्क प्रकाशन | सम्बन्धित निर्देशिका अनुसार | आवश्यकता अनुसार | – | तथ्याङ्क शाखा, प्रकाशन फाँट |
| ३. | तथ्याङ्क तथा प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन शाखा |
| ४. | तथ्याङ्कीय साक्षरता एवं सचेतना | तालिम, गोष्ठी, बैठक, सञ्चार माध्यम | कार्यविधि, निर्देशिका अनुसार | – | प्रशासन शाखा |
| ५. | कार्यक्षेत्र भित्रका स्थानीय तहहरूसंग तथ्याङ्कीय कृयाकलापको समन्वय | तालिम, गोष्ठी, बैठक, पत्राचार, टेलिफोन, इमेल | आवश्यकता अनुसार | – | प्रशासन शाखा |
| ६. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी, आपसी समन्वय, सम्झौता | आवश्यकता अनुसार | निःशुल्क | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत |
| ७. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन शाखा |

सूचना अधिकारी तथा गुनासो व्यवस्थापन अधिकृतः ठाकुर प्रसाद लामिछाने
सम्पर्क नम्बरः ०८३-५२०२०४, ९८५७८३०२३८
ईमेलः scosurkhet@nsonepal@gov.np
वेब साईटः scosurkhet.nsonepal.gov.np
कार्यालय प्रमुखः विनोद आचार्य (मोबाइल नं. ९८५८०६०२०४, इमेलः binodskt@gmail.com )

तालुक निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
सम्पर्क नम्बरः ०१-५३४५९४७, ०१-५३२९४०६
ईमेलः info@nsonepal.gov.np
वेब साईटः nsonepal.gov.np

## १.४ कार्यालयको कर्मचारी सांगठनिक चार्ट

### १.४.१ तथ्यांक समन्वय कार्यालयको कर्मचारी सांगठनिक चार्ट

तथ्याङ्क समन्वय कार्यालयमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, रा.प. द्वितीय श्रेणीको तथ्याङ्क समन्वय अधिकारी कार्यालय प्रमुखको रूपमा रहने ब्यवस्था छ। कार्यालयको कामलाइ प्राविधिक(तथ्याङ्क) शाखा र प्रशासन शाखा अन्तर्गत रहने गरी विभाजन गरिएको छ। शाखा प्रमुखको रूपमा जिम्मेवारी तथ्याङ्क अधिकृतलाइ दिइएको छ। काममा सहजीकरणको लागि तथ्याङ्क शाखा अन्तर्गत राष्ट्रिय लेखा फाँट, मूल्य तथ्याङ्क फाँट, गणना फाँट, सर्वेक्षण फाँट र प्रकाशन फाँट तथा प्रशासन शाखा अन्तर्गत कर्मचारी प्रशासन तथा तालिम फाँट, जिन्सी तथा खरिद फाँट र आर्थिक प्रशासन तथा लेखा फाँट रहने गरी सहायक कर्मचारीहरूको काम बाँडफाट गरिएको छ। तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको कर्मचारी सङ्गठन चार्ट देहाय अनुसार रहेको छ।

तालिकाः १.४.१ तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको कर्मचारी साङ्गठनिक चार्ट




### १.४.२ तथ्यांक समन्वय कार्यालय, सुर्खेतमा हाल कार्यरत कर्मचारीहरूको विवरण

हाल तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतमा जम्मा १५ जना कर्मचारीहरू कार्यरत रहेका छन्। कर्मचारीहरूको संक्षिप्त विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः १.४.२ तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतमा कार्यरत कर्मचारीहरूको विवरण

| क्र.सं. | कर्मचारीको नाम | सेवा समूह | श्रेणी | पद | सेवा अवधि | ठेगाना |
|---|---|---|---|---|---|---|
| १. | विनोद आचार्य | आ.यो.त., तथ्याङ्क | रा.प. द्वितीय | त.स. अधिकारी | २८ बर्ष | वीरेन्द्रनगर, सुर्खेत |
| २. | केशर बहादुर वली | आ.यो.त., तथ्याङ्क | रा.प. तृतीय | तथ्याङ्क अधिकृत | १४ बर्ष | शारदा, सल्यान |
| ३. | ठाकुर प्रसाद लामिछाने | आ.यो.त., तथ्याङ्क | रा.प. तृतीय | तथ्याङ्क अधिकृत | २२ बर्ष | तुलसीपुर, दाङ |
| ४. | जनक बहादुर बोहरा | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | १४ बर्ष | पुर्चौंडी, बैतडी |
| ५. | प्रेम बहादुर डाँगी | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | ७ बर्ष | मधुवन, बर्दिया |
| ६. | प्रेमराज जोशी | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | ७ महिना | शिखर, डोटी |
| ७. | शैलेन्द्र पुन | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | २ बर्ष | सिम्ता, सुर्खेत |
| ८. | अर्जुन वि.क. | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | २ बर्ष | विनायक, अछाम |
| ९. | दामोदर गौतम | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. द्वितीय | गणक | २ बर्ष | लेकबेसी, सुर्खेत |

| क्र.सं. | कर्मचारीको नाम | सेवा समूह | श्रेणी | पद | सेवा अवधि | ठेगाना |
|---|---|---|---|---|---|---|
| १०. | कृष्णा सिंह | प्रशासन, लेखा | रा.प.अनं. द्वितीय | सह-लेखापाल | १२ बर्ष | वीरेन्द्रनगर, सुर्खेत |
| ११. | उमेश कुमार कार्की | प्रशासन, सा.प्रशासन | रा.प.अनं. द्वितीय | खरिदार | १० बर्ष | भेरी, जाजरकोट |
| १२. | विस्न बहादुर बुढा | प्रशासन, सा.प्रशासन | रा.प.अनं. द्वितीय | खरिदार | ११ बर्ष | सिंजा, जुम्ला |
| १३. | नवराज रेग्मी | प्रशासन, सा.प्रशासन | श्रेणीविहिन | ह.सवारी चालक | ७ बर्षः करार | बारबर्दिया, बर्दिया |
| १४. | बालाराम थारू | प्रशासन, सा.प्रशासन | श्रेणीविहिन | कार्यालय सहयोगी | ९ बर्ष | वीरेन्द्रनगर, सुर्खेत |
| १५. | याम कुमारी भण्डारी | प्रशासन, सा.प्रशासन | श्रेणीविहिन | कार्यालय सहयोगी | ७ बर्ष | वीरेन्द्रनगर, सुर्खेत |

# खण्ड -२ वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण

## २.१ कार्यालयका नियमित कार्यहरु

यस कार्यालयमा वार्षिक नियमित रुपमा निम्न बमोजिमकका कार्यहरु संचालन भएका छन्।

### २.१.१ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तथ्याङ्क संकलन

(Input Price Index of construction Sector- IPICS) निर्माण सामग्रीमा प्रयोग हुने निर्माण सामग्रीहरुको खुद्रा मूल्यमा हुने वार्षिक परिवतर्नको बारेमा जानकारी गराउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा निमांण क्षेत्रको लागत मूल्य सूचकांकको निर्माण गरिएको हो। आधार वर्ष २०४१/०४२ लाई लिएर निर्माण गरिएको यस सूचकांकमा निर्माण सामग्रीहरु जस्तै चिरान काठ, सिमेन्ट, ईट्टा,फलामे छड र ज्यालादर समावेश गरिएको थियो। निर्माण सामग्रीहरुको मूल्य सूचकांक (Price Index Of Some Construction Materials) र निर्माणक्षेत्रको ज्याला सूचकांक (Wage Index Of Construction Workers) को संयुक्त सूचकांक (Composite Index) को रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकांक निर्माण गरिएको थियो। उपयोगकर्ताको माग र सुझावअनुसार आ.व. २०५७/०५८ देखि यो सूचकांक त्रैमासिक रुपमा निर्माण गर्न शुरु गरिएको हो। त्रैमासिक सूचकांकहरु बिन्दुगत प्रणालीमा आधारित भएकोले वर्तमान त्रैमासिक सूचकांक अघिल्लो वर्षको सोही त्रैमासिकको मूल्यसंग तुलना गरी निर्माण गरिएको हुन्छ। बदलिदो समयको माग अनुसार आ.व. २०६३/०६४ लाई आधार वर्ष मानेर बिन्दुगत नभई श्रेणीगत हिसाबले त्रैमासिक रुपमा सूचकांक निर्माण शुरु गरी आधार वर्षको मूल्यसँग तुलनायोग्य बनाइएको छ। निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयार गर्नका लागि तथ्याङ्क कार्यालयले प्रत्येक त्रैमाासिकमा नियमित रुपमा निर्माण सामग्रीहरुको खुद्रा मूल्य (बजार मूल्य) तथा निर्माण काममा संलग्न कामदारहरुको ज्यालादर सम्बन्धी विवरणहरु पाँचवटा उत्तरदाताहरुबाट संकलन गरि तोकिएको समयमै राष्ट्रिय तथ्यांक कार्यालयमा सफ्टकपी पठाउने गरिन्छ। मूल्य संकलनका लागि छनौट गरिएका सामग्रीहरुमा ईट्टा, ढुँगा,छड,काठ, रङ्ग, सिमेन्ट, विद्युतिय सामग्री, आदि जस्ता २४ किसिमका सामग्रीहरु छन्। यसैगरी निर्माण काममा संलग्न कामदारमा इन्जीनियर, सुपरभाइजर, डकर्मी, सिकर्मी, पेन्टर जस्ता ८ किसिमका कामदारहरुको ज्यालादर संकलन गरिन्छ।

### २.१.२ कृषिजन्य वस्तुहरुको स्थलगत मुल्य सूचकांक तथ्याङ्क संकलनः

नेपाल कृषिप्रधान मुलुक हो। यँहाको दुई तिहाई भन्दा बढी जनसंख्या कृषि पेशामा संलग्न छन् भने कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी हिस्सा कृषि क्षेत्रको रहेको छ । तसर्थ कृषि क्षेत्रले मुलुकको आर्थिक क्षेत्रमा वार्षिक रुपमा पुर्याएको योगदान महत्वपूर्ण रहि आएको छ। कृषि क्षेत्रको योगदानको अनुमान गर्न उत्पादित कृषि वस्तुहरुको उत्पादन भएको समयको मूल्य नितान्त

आवश्यक हुन्छ । कृषिजन्य वस्तुहरुको उत्पादनको आवधिक एवम् स्थान विषेशको मूल्यले राष्ट्रिय आयको अनुमान गर्न मात्र सहयोग नगरी बजारमा माग र आपूर्तिको व्यवस्थापन गर्न समेत ठूलो मद्दत गर्दछ । यसको साथ साथै कृषिक्षेत्रको नीति तथा कार्यक्रम तर्जुमा , कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न पनि कृषि वस्तुहरुको आवधिक एवम् स्थान विशेषको मूल्य अपरिहार्य हुन्छ । आ.व. २०६५/०६६ देखि साविकको केन्द्रिय तथ्याङ्क विभाग( राष्ट्रिय तथ्यांक कार्यालय)को कृषि तथ्याङ्क शाखाले प्रमुख कृषि तथा पशुपंक्षी उत्पादनको मूल्य संकलन कार्यक्रम सञ्चालन गरेको थियो । आ.व. २०६६/०६७ दखि मूल्य तथ्याङ्क शाखाले सो कार्यलाई निरन्तरता दिदै आई रहेको छ । तथ्याङ्क समन्वय कार्यालयहरुबाट प्रमुख कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरुको मूल्य त्रैमासिक रुपमा संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा सफ्टकपी पठाउने गरिन्छ । कृषि सम्बन्धि मूल्य तथ्याङ्क संकलन गर्नको लागि तथ्याङ्क कार्यालयले सुर्खेत र रूकुमपश्चिम जिल्लामा ५-५ जना अगुवा कृषकहरुको छनौट गरेको छ । छानिएका कृषकहरुबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनामा चालु त्रैमासिकको प्रत्येक महिनाको उत्पादित वस्तुहरुको स्थलगत मूल्य संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयममा पठाइन्छ ।

### २.१.३ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम :

साविकको केन्द्रिय तथ्याङ्क विभाग (हाल राष्ट्रिय तथ्यांक कार्यालय ) को राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल ग्राहस्थ उत्पादन (Gross Domestic Product-GDP), कुल राष्ट्रिय आय (Gross National Income -GNI) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचकहरु तयार गर्दै आईरहेको छ । राष्ट्रिय लेखा अनुमानको लागि /राष्ट्रिय तथ्याङ्क कार्यालयले आफैले उत्पादन गरेका तथ्याङ्कहरुका साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ । त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालयलाई निर्दिष्ट गरे बमोजिमका विभिन्न तथ्याङ्कहरु नियमित रुपमा संकलन गरि तोकिएको समयभित्र रातकामा पठाउने गरिन्छ । तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक लेखा अनुमान कार्यक्रम अन्तर्गत सम्पादन गर्नुपर्ने कायक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका छन् ।

१.कृषि तथा मत्स्य
क) कृषि
ख) दूध,मासु र कुखुराको अण्डा उत्पादन
२.होटेल व्यवसाय
(क) तारे होटल
(ख) रेष्टुरेन्ट

३. यातायात
(क) स्थल यातायात
(ख) हवाई यातायात
४.घर जग्गा विकास
५. स्वास्थ्य सेवा
(क) निजी अस्पताल तथा नर्सिङ्ग होम

तथ्याङ्क समन्वय कार्यालयले उल्लेखित क्षेत्रका तथ्याङ्क हरु रा.त.का.ले उपलब्ध गराइएको फारामहरुमा तोकिएको Online Data Entry गरेर राष्ट्रिय तथ्यांक कार्यालयमा पठाउने गरिन्छ ।

### २.१.४ वार्षिक राष्ट्रिय लेखा कार्यक्रम

वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयलाई आवश्यक पर्ने जिल्ला स्तरका विभिन्न क्षेत्रका तथ्याङ्कहरु तथ्याङ्क समन्वय कार्यालयबाट संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिएको छ । गत आ.ब. रातकाबाट प्राप्त फाराम र व्यवसायिक प्रतिष्ठानको सूचि अनुसार वार्षिक राष्ट्रिय लेखाको लागि तथ्याङ्क संकलन गरि कार्यालयले Online Data Entry गरेर राष्ट्रिय तथ्यांक कार्यालयमा पठाइएको छ ।

### २.१.५ औद्योग उत्पादन र उत्पादकको मुल्य तथ्यांक संकलन

औद्योगिक उत्पादनमा भएको परिवर्तन र उत्पादकको मुल्यमा भएको परिवर्तन मापन गर्न राष्ट्रिय तथ्यांक कार्यालयले त्रैमासिक र बार्षिक मुल्य सूचकाँक निकाल्ने गर्छ सोका लागि आवश्यक तथ्यांक यस कार्यालयले समयमै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिएको छ।

## २.१.६ प्रदेश र स्थानीय तहहरूको वस्तुगत विवरण प्रकाशन

खण्डीकृत तथ्याङ्क समयको माग हो। नेपालको संविधानले ७ प्रदेश, ७७ जिल्ला र ७५३ ओटा स्थानीय तहको शासकीय संरचनालाई आत्मसात गरेको सन्दर्भमा नीति, योजना तथा सालबसाली विकास कार्यक्रमहरूका लागि तत् तहका वस्तुगत विवरणहरू अपरिहार्य हुन्छन्। तथ्यसम्मत निर्णय निर्माण प्रक्रियालाई संघीयदेखि स्थानीय तहसम्मका राजनैतिक तथा प्रशासनिक नेतृत्वले वकालत गरिरहेको अवस्थामा समसामयिक, भरपर्दो र खण्डीकृत तथ्याङ्कको नियमित आपूर्ति एक चुनौतीका रूपमा उभिएको छ। गणना तथा सर्वेक्षणहरू निश्चित अन्तरालमा मात्र हुने र प्रशासनिक अभिलेखहरूको न्यून प्रशोधन एवम् उपयोग हुने गरेको परिप्रेक्ष्यमा प्रत्येक वर्ष जिल्ला वा स्थानीयस्तरको वस्तुगत विवरण तयार गर्नु तत्काल सम्भव देखिन्न। जिल्लास्थित तथ्याङ्क कार्यालयहरूले विगतमा पनि आफ्नो कार्यक्षेत्रभित्रका सबै जिल्लाहरूको जिल्ला वस्तुगत विवरणहरू प्रकाशन गरेको तथ्य यहाँ स्मरणीय छ। ती प्रकाशनहरूको माग र प्रयोग स्थानीय प्रयोगकर्ताहरूबाट व्यापक रूपमा भएको अनुभव हामीसँग छ। हामीले प्रकाशन गरेका जिल्ला वस्तुगत विवरणहरूको विभिन्न क्षेत्रबाट प्रशंसा पनि हुने गरेको कुरा गर्वको विषय हो। हामीले विभिन्न गणना तथा सर्वेक्षणहरू सम्पन्न गरिसक्यौँ। अरू तथ्याङ्कीय निकायहरूले पनि सर्वेक्षणका नतिजाहरू प्रकाशनमा ल्याएका छन्। कतिपय स्थानीय तहहरूले पनि संविधानप्रदत्त अधिकारको प्रयोग गर्दै तथ्याङ्क उत्पादन र त्यसको अधिकतम प्रयोगतर्फ अग्रसरता देखाइरहेको पाइन्छ। केही वर्ष अगाडि नेपाल सरकारले राष्ट्रिय तथ्यगत विवरणको अवधारणा अगाडि सारेको प्रसङ्ग यहाँ स्मरणीय हुन आउँछ। राष्ट्रिय तथ्यगत विवरण पूर्ण कार्यान्वयन भएको अवस्थामा स्थानीय तहसम्मको डिजिटल प्रोफाइल उपलब्ध हुने सम्भावना पनि हामीसँग छँदै छ। संघ, प्रदेश र स्थानीय तहको सक्रिय सहभागिता र स्वामित्व प्राप्त हुन सक्यो भने राष्ट्रिय तथ्यगत विवरण कार्यक्रममार्फत् प्रदेश, जिल्ला र स्थानीयस्तरका डिजिटल प्रोफाइल पनि प्रयोगकर्ताहरूको लागि उपलब्ध हुनसक्ने देखिन्छ। यस कार्यालयको आ.ब. २०८१/८२ को स्विकृत कार्यक्रम बमोजिम कर्णाली प्रदेश, डुङ्गेश्वर गाउँपालिका दैलेख, कालिमाटी गाउँपालिका सल्यान र बारेकोट गाउँपालिका जाजरकोटको गरी चारवटा वस्तुगत विवरण एवं कर्णाली प्रदेशको संक्षिप्त परिचयात्मक फोल्डर तयार गरिएको छ।

## २.१.७ राष्ट्रिय तथ्यगत विवरण (NDP)

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक नेपालको शासकीय संरचना मूलतः सङ्घ, प्रदेश र स्थानीय गरी तीन तह हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानूनले व्यवस्था गरेबमोजिम गर्नेव्यवस्था गरेको छ। तथ्यमा आधारित नीति निर्माण र निर्णय गर्न स्थान, समाज र जनतासम्बन्धी आधारभूत तथ्याङ्क हरूको आवश्यकता हुने र यस्ता तथ्याङ्क हरूको व्यवस्थापन गर्ने जिम्मेवारी संविधानतः तीनवटै तहमा रहेको छ। पर्याप्त, गुणस्तरीय र सामयिक तथ्याङ्क को अभावमा नीति निर्माण र योजना तर्जुमाको कार्य कठिन हुन जान्छ। तथ्याङ्क सङ्कलन एक गतिशील प्रक्रिया भएको हुँदा यसको उत्पादनपनि निरन्तर हुन जरुरी हुन्छ। राज्यका सबै तहले नीति निर्माण, योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनका चरणमा तथ्याङ्क को अपरिहार्यतालाई आत्मसात गरिसकेको सन्दर्भमा स्थानीय सरकारदेखि सङ्घीय सरकारसम्मको प्रयोगका लागि तथ्यगत विवरणहरूको भरपर्दो र दिगो आपूर्ति गर्ने संयन्त्रको स्थापना हुन वाञ्छनीय देखिन्छ। यस सन्दर्भमा सम्माननीय राष्ट्रपतिज्यूबाट आ.व. २०७५/७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदा बुँदा नं. २० मा "अबको हाम्रो विकास सूचना र तथ्याङ्क को गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ। त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भाबनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ" भन्ने महत्वपूर्ण नीतिबमोजिम "राष्ट्रिय तथ्यगत विवरण" कार्यक्रम शुरु गरिएको छ। यो कार्यक्रम अन्तर्गत

आ.ब. २०८१/८२ मा यस कार्यालयको कार्य क्षेत्र भित्रका सबै पालिकाहरुमा सरोकारवाला व्यक्तिसंगको प्रत्यक्ष भेटघाट तथा मोबाइल इन्टरनेटको माध्यमबाट सम्पर्क गरी अधिकांश पालिकाहरुलाई तथ्यांक पोर्टलमा सम्बन्धित प्रविष्ट गर्न लगाइएको थियो ।

**२.१.८ तथ्याङ्कीय ब्यवसायिक रजिष्टर (SBR)**

तथ्याङ्कीय ब्यवसायिक रजिष्टरले विभिन्न आर्थिक एवं ब्यवसायिक अध्ययनको लागि भरपर्दो ढाँचा एवं आधार उपलब्ध गराउँछ । जिल्लागत रूपमा विभीन्न आर्थिक एवं ब्यसायिक केन्द्रमा रहेका सवै आर्थिक एकाइहरूको लगत तोकिएको ढाँचामा सङ्कलन गरी यसलाइ वार्षिक रूपमा अद्यावधिक गर्ने गरिन्छ । सङ्कलित विवरणलाइ तोकिएको प्लेटफर्ममा प्रविष्ठी गर्ने गरिन्छ ।

## २.२ विभिन्न सर्वेक्षणहरू :

आर्थिक वर्ष २०८१।८२ मा यो कार्यालय मार्फत निम्न अनुसारका सर्वेक्षणहरू सञ्चालन गरिएको थियो ।

**२.२.१ कुखुरा पालन(Poultry) सर्वेक्षणः**

राष्ट्रिय अर्थतन्त्रमा कुखुरापालन व्यवसायले पुर्‍याएको योगदानको अनुमान गर्ने, कुखुरापालन व्यवसायहरूको अवस्था, वितरण, बनोटका र प्रकृतिका बारेमा सूचना उपलब्ध गराउने, यस क्षेत्रमा भएको सालबसाली खर्च, त्यसबाट उत्पादित वस्तुको उपयोगको बारेमा सूचना उपलब्ध गराउने, यस क्षेत्रमा रहेको रोजगारीको स्थिति, राष्ट्रिय आयमा ओगटेको अंश र त्यसको मात्रा पत्ता लगाउने एवं योजना तर्जुमा, नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न तथ्याङ्क उपलब्ध गराउने उद्देश्यका साथ आ.व. २०८१।८२मा यो सर्वेक्षण देशब्यापी रूपमा सञ्चालन गरिएको थियो । तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको कार्यक्षेत्र भित्रका जिल्लाहरूका १५५ वटा नमूना छनोट भएका फर्महरूबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

**२.२.२ आन्तरिक पर्यटन (Domestic Tourism) सर्वेक्षणः**

यात्रा र यात्रीको विशेषताका बारेमा विवरण सङ्कलन गर्ने, आन्ततरिक पर्यटनसंग सम्बन्धित खर्चको विवरण सङ्कलन गर्ने, नेपालीले वैदेशिक भ्रमणमा गरेको खर्च अनुमान गर्ने एवं अर्थतन्त्रमा आन्तरिक पर्यटनको योगदानको अनुमान गर्ने उद्देश्यका साथ आ.व. २०८१। ८२ मा आन्तरिक पर्यटन सर्वेक्षणको फिल्डकार्य सञ्चालन गरिएको थियो । तथ्याङ्क समन्वय कार्यालय, सुर्खेतको कार्यक्षेत्र भित्रका जिल्लाहरूका २८ वटा नमूना छनोट भएका प्रारम्भिक नमूना एकाइहरूबाट बाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

**२.२.३ वन तथा मत्स्य (Fishery & Forestry) सर्वेक्षणः**

माछा पालन गरिएका पोखरीहरको संख्या, जलाशयको क्षेत्रफल तथा उत्पादन अनुमान गर्ने, माछापालक कृषक/ब्यवसायीहरूको बर्गिकरण गर्ने एवं मत्स्य विकासका लागि योजना तथा नीति निर्माण गर्न आवश्यक मत्स्य तथ्याङ्क उपलब्ध गराउने साथै वन संग सम्बन्धित सर्वेक्षणका लागि ढाँचा अद्यावधिक गर्दै वन सम्बन्धी नीति निर्माण, योजनाका लागी र अध्ययन अनुसन्धानका लागि तथ्याङ्क उपलब्ध गराउने उद्देश्यका साथ आ.व. २०८१। ८२ मा मत्स्य तथा वन तथ्याङ्क सर्वेक्षणका लागि सूचिकरण कार्य यस कार्यालयका कार्यक्षेत्रका जिल्लाहरूमा सञ्चालन गरिएको थियो ।

**२.२.४ राष्ट्रिय लेखा आधारवर्ष परिवर्तन(National Account Rebasing) सर्वेक्षणः**

आ.व. २०८१।८२ मा यस कार्यालयका कार्यक्षेत्र भित्रका जिल्लाहरूबाट राष्ट्रिय लेखा आधारवर्ष परिवर्न सर्वेक्षणका लागि प्रतिनिधिमूलक रूपमा ब्यवसायिक नर्सरीहरू, ब्यसायिक बागवानीहरू, स्वास्थ्य सेवा प्रदायक (डायग्लोसष्टिक ) प्रतिष्ठानहरू तथा लेखापरीक्षण सेवा प्रदायक प्रतिष्ठानहरूबाट तथ्याङ्क सङ्कलनको कार्य भएको थियो।

**२.२.५ नाफा नकमाउने संस्थाहरू(NPISH) को सर्वेक्षणः**

नाफा नकमाइ घरपरिवारलाइ सेवा प्रदान गर्ने नमूना छनोटमा परेका यस कार्यालयको कार्यक्षेत्र भित्रका जम्मा ७७ वटा प्रतिष्ठानहरूबाट आ.व. २०८१।८२ मा तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न गरिएको थियो।

**२.२.६ अस्थायी वालीको लागत उत्पादन (COP) सर्वेक्षणः**

अस्थायी वालीको उत्पादन लागत अध्ययनको लागि यस कार्यालयको कार्यक्षेत्र भित्रबाट नमुना छनोटमा परेका जम्मा १८३ कृषक परिवारबाट टनोटमा परेका अस्थायी वालीहरूको सम्बन्धमा तथ्याङ्क सङ्कलन तथा प्रविष्टी कार्य सम्पन्न गरिएको थियो।

**२.२.७ निजी शैक्षिक संस्था (Private Education Institute) सर्वेक्षणः**

निजी शिक्षण संस्थाहरूको संरचनागत स्थितिको पहिचान गर्दै शिक्षण सेवा उपलब्ध गराउँदाको लागत, उत्पादन र मूल्यअभिबृद्धी सम्बन्धी अनुमानहरू गर्नुका साथै पूंजिगत तथा स्थायी सम्पत्ती सम्बन्धी तथ्याङ्क उत्पादन गर्ने उद्देश्यका साथ आ.व. २०८१।८२ को उत्तरार्धमा यस कार्यालयको कार्यक्षेत्र भित्रका नमुना छनोटमा परेका १७३ वटा नीजि शिक्षण संस्थाहरूको तथ्याङ्क सङ्कलन र प्रविष्टी सम्बन्धी कार्य सम्पादन गरिएको थियो।

**२.२.८ अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (ICP)**

विभिन्न घरपरिवारका उपभोग्य वस्तु तथा सेवाहरू, भाडा तथा ज्यालादरहरू तथा निर्माण संग सम्बन्धित काम तथा सेवाहरूको मूल्य क्रयशक्तिको (Purchasing Power Parity) आधारमा अन्तर्राष्ट्रिय तुलनाका लागि लागि सञ्चालित आ.व. २०८१।८२ मा सर्वेक्षणमा यस कार्यालयबाड मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रूपमा मूल्य तथ्याङ्को सङ्कलन एवं प्रविष्टीको कार्य सम्पन्न भएको थियो।

## २.३ गोष्ठी तथा समीक्षा

### २.३.१ विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन

तथ्याङ्कको महत्व र प्रयोगका सम्बन्धमा विभिन्न सरोकारवालाहरूलाइ सचेत गराउन सकेमा तथ्यमा आधारित निर्णय तथा योजना प्रणालीको विकास गर्न सघाउ पुग्दछ। तथ्याङ्कीय साक्षरता कार्यक्रमले सहि तथ्याङ्कको प्राप्ती र यसको बैज्ञानिक प्रयोग गरी सीमित स्रोत साधनको उच्चतम प्रयोग गरी अधिकतम उपलब्धी हासिल गर्ने दिशा तर्फ उन्मुख गराउँन प्रेरीत गर्दछ। यसै कुरालाइ मनन् गरी आ.व. २०८१।८२ मा यस कार्यालयमा विवियोजित बजेट तथा कार्यक्रम अनुसार ६ पटक स्थानीय तहहरूको लागि साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो। यस कार्यक्रमलाइ थप विस्तार गर्न आवश्यक देखिन्छ।

### २.३.२ स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धि समिक्षा गोष्ठी

विभिन्न छरिएर रहेका तथ्याङ्क एवं सूचनाहरूलाइ एउटै पोर्टलमा राखी त्यसको अद्यावधिक गर्दै गएमा तथ्याङ्क प्रयोगकर्ता एवं सरोकारवालाहरूलाइ अद्यावधिक रूपमा तथ्याङ्क उपलब्ध गराउन सकिन्छ भन्ने सोचका साथ विकास गरिएको राष्ट्रिय तथ्यगत विवरण शुरूवात गरिएको हो। यसमा सम्बन्धित स्थानीय तहहहरूले आफ्नन  विभिन्न क्षेत्रसंग सम्बन्धित तथ्याङ्क अद्यावधिक गर्नुपर्ने हुन्छ। यसमा भएका तथ्याङ्क एवं सूचनाहरू जो कोही प्रयोगकर्ताहरूले पनि आवश्यकता अनुसार प्रयोग गर्न सक्दछन्। आ.व. २०८१।८२ मा यस कार्यालयको कार्यक्षेत्र भित्रका स्थानीय तहहरू सहभागी हुनेगरी ३ पटक यस कार्यक्रमको कार्यान्वयनको समीक्षा गरिएको थियो।

#### २.३.३ आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालासंग प्रदेश /जिल्ला तहमा अन्तर्क्रिया /गोष्ठी.व.

आ.व. २०८२।८३ मा सञ्चालन हुन गैरहेको राष्ट्रिय आर्थिक गणनाको महत्व र आवश्यकता सम्बन्धमा सरोकारवालाहरूमा जानकारी गराइ सुझाव समेत सङ्कलन गर्ने उद्देश्यका साथ यस कार्यालयबाट सुर्खेत र रूकुमपश्चिम जिल्लामा अन्तरकृया गोष्ठी सञ्चालन गरिएको थियो।

#### २.३.४ गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने विभिन्न जनगणना तथा सर्वेक्षणहरूको महत्व र त्यसबाट प्राप्त हुने सूचना तथा तथ्याङ्को सम्बन्धमा विभिन्न सरोकारवालाहरूसंग अन्तरकृया तथा छलफल कार्यक्रम यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका सल्यान र जाजरकोट जिल्लाहरूमा सम्पन्न गरिएको थियो।

#### २.३.५ राष्ट्रिय लेखाको आधारवर्ष परिवर्तन(Rebasing) सम्बन्धमा सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल

समय परिवेश अनुसार अर्थतन्त्रको संरचनामा परिवर्न भइरहन्छ, वस्तु तथा सेवाको मूल्यमा परिवर्न भैरहेको हुन्छ तथा आर्थिक तथ्याङ्कलाइ अन्तर्राष्ट्रिय मापदण्ड अनुसार समायोजन गर्नुपर्ने हुन्छ। त्यसैले आवधिक रूपमा राष्ट्रिय लेखाको आधारवर्ष परिवर्तन गर्नुपर्ने हुन्छ । आ.व. २०७७।७८ (सन् २०२०/२१) लाइ आधार वर्ष परिवर्न गर्नुपर्ने आवश्यकताको सम्बन्धमा सरोकारवालाहरूसंगको अन्तरकृया तथा छलफल कार्यक्रम कर्णाली प्रदेशको राजधानी सुर्खेतमा सञ्चालन गरिएको थियो।

### २.४ कार्यक्रम/कृयाकलाप सञ्चालन कार्ययोजना

आ.व. २०८१।८२ मा यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यक्रम, खर्चशिर्षक २२५२२ अन्तर्गतका कृयाकलापहरूलाइ कार्यान्वयन गर्नको लागि निम्नानुसारको कार्ययोजना तय गरिएको थियो।

तालिकाः २.४.१ आ.व. २०८१।८२ को कार्ययोजना

| सि.नं. | कृयाकलाप | काम सञ्चालनको लागि योजना गरिएको महिना |
|---|---|---|
| १ | त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | साउन, कार्तिक, माघ, वैशाख |
| २ | बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | फाल्गुण |
| ३ | व्यवसायिक कुखुरा पालन सर्वेक्षण सूचिकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा निरिक्षण गर्न | असोज |
| ४ | व्यवसायिक कुखुरा पालन सर्वेक्षणको मुख्य फिल्ड कार्य तथा निरिक्षण | असोज |

| सि.नं. | कृयाकलाप | काम सञ्चालनको लागि योजना गरिएको महिना |
|---|---|---|
| ५ | त्रैमासिक ओद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्यांक संकलन तथा सुरिवेक्षण कार्य गर्ने। | भाद्र, मंसिर, फाल्गुण, ज्येस्ठ |
| ६ | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्य तथ्याङ्क संकलन र सुपरिवेक्षण गर्ने। | असोज, पुस, चैत्र |
| ७ | कृषि तथ्यांक संकलन एवं संकलनमा सहजीकरणको लागि अगुवा किसान (नियमित र नयाँ जिल्लामा समेत)लाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | असोज, पुस, चैत्र, असार |
| ८ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपसुरिवेक्षण कार्य गर्ने | भाद्र, मंसिर, फाल्गुण, ज्येस्ठ |
| ९ | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक | साउन, कार्तिक, माघ |
| १० | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक सुपरिवेक्षण | कार्तिक, माघ |
| ११ | मत्स्य तथा वन तथ्याङ्क अद्यावधिक गर्ने कार्यको लागि तथ्याङ्क संकलन | कार्तिक, माघ |
| १२ | तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयनको अनुगमन | साउन, भाद्र, असोज, पुस |
| १३ | तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धि समिक्षा गोष्ठी (यातायात खर्च सर्च मेत) | भाद्र, मंसिर, फाल्गुण, बैशाख |
| १४ | गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | माघ, असार |
| १५ | NPISHs सम्बन्धी सूचिकरण गर्ने तथा अध्यावधिक गर्ने | असोज |
| १६ | वार्षिक प्रगति प्रतिवेदन २०८१ | साउन |
| १७ | आर्थिक गणनाको तथ्याङ्क आवश्यकता विषयमा सरोकारवालसग प्रदेश /जिल्ला तहमा अन्तर्क्रिया /गोष्ठी | असोज, असार |
| १८ | जिल्लामा आर्थिक गणनाको प्रश्नावली परिक्षण | असोज |
| १९ | आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलनको लागि भ्रमण खर्च | कार्तिक देखी असार |
| २० | कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | पुस, असार |
| २१ | ब्रोसर तयारी तथा छपाई कार्य | कार्तिक, माघ |
| २२ | निजी शिक्षण संस्था सर्वेक्षणको तथ्यांक संकलनका लागि खटिने गणकको तलब/दैनिक भ्रमण भत्ता रकम (करार र काजमा लिने दुवै गणकको लागि) | बैशाख |
| २३ | विभिन्न सूचकहरु सहितको प्रदेश वस्तुगत विवरण तयारी तथा प्रकाशन | भाद्र देखी बैशाख |

| सि.नं. | कृयाकलाप | काम सञ्चालनको लागि योजना गरिएको महिना |
|---|---|---|
| २४ | तथ्यांक संकलन र अनुगमन तथा सुपसुरिवेक्षणका लागि खटिने गणकको दैनिक भ्रमण भत्ता रकम करार गणकको लागि समेत (रा.ले.Rebasing सम्बन्धि कार्यको र्य ) | पुस, चैत्र |
| २५ | गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल(रा.ले.Rebasing सम्बन्धि कार्यको) | कार्तिक, असार |
| २६ | निजी शिक्षण संस्था सर्वेक्षणको स्थलगत तथ्यांक संकलन कार्यको अनुगमन तथा निरिक्षण (जिल्लाको लागि) | बैशाख,ज्येस्ठ, असार |
| २७ | विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन | असोज, मंसिर, वैशाख, ज्येस्ठ |
| २८ | तथ्यांक संकलनका लागि खटिने करारका गणकको लागि ४ महिनाको तलब डाटा Entry अवधी समेत (Rebasing को लागि | चैत्र देखी ज्येस्ठ |
| २९ | ३ वटा पालिकाको प्रोफाईल तयारीको लागि तथ्यांक संकलन,तथ्यांक प्रविष्टि,सम्पादन, सुपसुरिवेक्षण तथा छपाई | भाद्र देखी ज्येस्ठ |
| ३० | Ratio method of Population Projection प्रयोग गरी तथ्याङ्क समन्वय कार्यालय अन्तर्गत का सबै स्थानीय तहहरूको Population Profile अद्यावधिक गर्ने कार्यक्रम | भाद्र |

## २.५ सम्पन्न गरिएका कृयाकलापहरू

आ.व. २०८१।८२ मा यस कार्यालयले सञ्चालन गर्नुपर्ने अधिकांश कृयाकलापहरू न्यून जनशक्ति एवं समय सीमाका बाबजुद समय मै सम्पन्न भएका छन् । कृयाकलापहरू सम्पन्न गर्न कार्यालयलाई प्राप्त स्रोतसाधन तथा जनशक्तिको उच्चतम (Optimum) प्रयोग गरिएको थियो । सम्पन्न गरिएका कृयाकलापहरूको विवरण निम्नानुसार रहेका छन् ।

तालिकाः २.५.१ आ.व. २०८१।८२ मा सम्पादन गरिएका कृयाकलापहरू

| क्र.सं. | कृयाकलाप | एकाई | लक्षित परिमाण | सम्पन्न परिमाण |
|---|---|---|---|---|
| १ | त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | पटक | १२ | १२ |
| २ | बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | पटक | ४ | ४ |
| ३ | व्यवसायिक कुखुरापालन सर्वेक्षण सूचिकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा निरिक्षण गर्न | पटक | १ | १ |
| ४ | व्यवसायिक कुखुरापालन सर्वेक्षणको मुख्य फिल्ड कार्य तथा निरिक्षण | पटक | १ | १ |
| ५ | त्रैमासिक ओद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्यांक संकलन तथा सुपरिवेक्षण कार्य गर्ने। | पटक | ४० | ३५ |

| क्र.सं. | कृयाकलाप | एकाई | लक्षित परिमाण | सम्पन्न परिमाण |
|---|---|---|---|---|
| ६ | अन्तर्राष्ट्रिय तुलना कार्यक्रम (International Comparison Program) सम्बन्धी मूल्य तथ्याङ्क संकलन र सुपरिवेक्षण गर्ने। | पटक | ८ | ८ |
| ७ | कृषि तथ्यांक संकलन एवं संकलनमा सहजीकरणको लागि अगुवा किसान (नियमित र नयाँ जिल्लामा समेत)लाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | महिना | १२ | १२ |
| ८ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य गर्ने | महिना | १२ | १२ |
| ९ | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक | स्था.तह | ३५ | ३५ |
| १० | नेपाल तथ्याङ्कीय रजिष्टर निर्माण तथ्याङ्क अध्यावधिक सुपरिवेक्षण | स्था.तह | ३ | ३ |
